# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः १५, श्रावण २२ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका कृषि उपकरण व्यवस्थापन कार्यविधि, २०७८

कार्यपालिकाबाट स्वीकृत मितिः २०७८।४।२२

**प्रस्तावना**: व्यास नगरपालिकाको एकीकृत शहरी विकास योजना अन्तर्गत आत्म निर्भर नगरपालिका विकसित गर्न "विविधता युक्त गाउँ-शहर, समृद्ध मेरो व्यास नगर" भन्ने मुल नारा तय गरी कृषि, पर्यटन र शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी योजना निर्माण गर्ने प्रतिवद्धताका साथ कृषि प्रणालीलाई सुधार गर्दै यान्त्रीकरणको माध्यमबाट कृषि उत्पादनमा वृद्धि गर्नका लागि विभिन्न उपकरणहरु खरिद गरी कृषि सहकारी एवं कृषक समूहलाई हस्तान्तरण गर्न एवं व्यवस्थापन गर्न आवश्यकता महशुस गरी नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### संक्षिप्त नाम र प्रारम्भ

१. **सक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "व्यास नगरपालिका कृषि उपकरण व्यवस्थापन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "क्लस्टर समिति" भन्नाले नेपाल सरकार बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम प्रक्रिया २०७७ बमोजिम धान प्रवर्द्धन कार्यक्रमका लागि कृषक भेलाबाट अगुवा कृषकहरुको नेतृत्वमा गठित समिति सम्झनु पर्छ।

(ख) "क्लस्टर" भन्नाले व्यास नगरपालिका क्षेत्रभित्र बाली विकास तथा कृषि जैविक विविधता संरक्षण कार्यक्रम प्रक्रिया २०७७ ले निर्धारण गरेको क्लस्टर सम्झनु पर्छ।

(ग) "कार्यपालिका" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले "व्यास नगरपालिका कृषि उपकरण व्यवस्थापन कार्यविधि, २०७८" सम्झनु पर्छ।

(ङ) "कृषि उपकरण" भन्नाले कृषकहरुले खनजोत तथा कृषि सामग्री ओसार पसारका लागि प्रयोग गर्ने ट्याक्टर, कृषि एम्बुलेन्स लगायतका उपकरण सम्झनु पर्छ।

(च) "कृषि सहकारी" भन्नाले विधिपूर्वक दर्ता भै क्लस्टर क्षेत्र भित्र सञ्चालनमा रहेका कृषि सहकारी सम्झनु पर्छ।

(छ) "कृषि समूह" भन्नाले नगरपालिका भित्र कृषि व्यवसाय गर्ने गरी दर्ता भएका समूह सम्झनु पर्छ।

(ज) "नगरपालिका" भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ।

(झ) "शाखा" भन्नाले कृषि, पशु तथा सहकारी विकास शाखा सम्झनु पर्छ।

## परिच्छेद २
## उद्देश्य

३. **उद्देश्य :** (१) यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ :

(क) नगरपालिका क्षेत्रभित्र परम्परागत रुपमा सञ्चालनमा रहेको कृषि प्रणलीलाई सुधार गर्दै कृषिलाई यान्त्रीकरण र आधुनिकीकरणमा लैजानु।

(ख) धान प्रवर्द्धन तथा कृषि बाली उत्पादनमा वृद्धि गर्नु।

(ग) अधिकांश कृषकहरुलाई समेटने गरी सहज रुपमा कृषि उपकरणको माध्यमबाट बढी भन्दा बढी जमिनहरुमा खेतीपाती गरी उत्पादन वृद्धि गर्नु।

(घ) कृषि उपजलाई ओसार पसार गर्न सहजीकरण गर्नु।

४. नगरपालिकाले खरिद गरेको कृषि उपकरण क्लस्टर भित्रका कुनै एक कृषि सहकारी वा कृषि समूहलाई लागत साझेदारिता गर्ने गरी क्लस्टर भित्रका अधिकांश कृषकहरुलाई लाभ दिने गरी सञ्चालन खर्च आफै व्यहोर्ने शर्तमा नगरपालिकाले कृषि उपकरण हस्तान्तरण गर्न सक्नेछ।

## परिच्छेद ३
## समिति र कार्य

५. **व्यवस्थापन समिति र कार्यहरु :** (१) व्यवस्थापन समितिमा क्लस्टर क्षेत्रका सबै वडा अध्यक्षहरु, नगरपालिकाको कृषि हेर्ने अधिकृत सदस्य रहने र कृषि, पशु तथा सहकारी विकास शाखा प्रमुख सदस्य सचिव रहने छन्।

(२) बैठकको अध्यक्षता वडा अध्यक्षहरु मध्ये जेष्ठ सदस्यले गर्ने छन् ।

(३) कृषि उपकरण हस्तान्तरण गर्नु पूर्व क्लस्टर भित्रका इच्छुक कृषि सहकारी वा कृषि समूहहरुलाई नगरपालिकाले न्यूनत्तम ७ दिने सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्नेछ । कृषि सहकारी वा समूहहरुको योग्यता निर्धारण गर्दा देहायको आधारमा गरिने छ :

(क) नियमित बैठक बसेको हुनु पर्ने ।

(ख) बैंकमा खाता खोली सहकारीको जगेडा कोष रकम सञ्चित भएको हुनु पर्ने ।

(ग) कृषि सहकारीको सदस्य संख्या कम्तिमा ३० जना र कृषि समूहमा १० जनाभन्दा बढी भएको हुनु पर्ने ।

(घ) कृषि सहकारी संस्था वा कृषि समूहले नगरपालिकाबाट लागत सहभागितामा प्राप्त गर्ने कृषि उपकरण प्रयोग गर्नका लागि एक निश्चित कार्य योजना तयार गरी पेश गर्नु पर्ने ।

(४) सम्बन्धित समितिको सिफारिसमा कार्यपालिका बैठकले आवेदन प्राप्त सहकारीहरु मध्ये उपयुक्त सहकारी संस्थाको छनौट गर्नेछ ।

(५) कृषि सहकारी वा कृषि समूहहरुले साझेदारिता गर्ने रकमबाट कृषि उपकरणको आवश्यक व्यवस्थापन गर्नु पर्नेछ । रकम बाँकी रहन गएमा नगरपालिकाको आन्तरिक कोषमा सुरक्षित गरी राखिने छ । उपकरण सञ्चालनको सम्बन्धमा कुनै भवितव्य परेमा उक्त रकम कार्यपालिकाको निर्णय बमोजिम प्रयोग गर्न सकिने छ ।

(६) कृषि उपकरण आफ्नो क्लस्टरभन्दा बाहिरको क्षेत्रमा पनि प्रयोग गर्न सकिने छ । क्लस्टर भित्र प्रयोग गर्दा सर्वसुलभ मूल्य कायम गर्नु पर्नेछ र यसरी मूल्य कायम गर्दा निजी कृषि उपकरणको तुलनामा न्यूनत्तम २० प्रतिशत सस्तो मूल्यमा क्लस्टर भित्रका कृषकहरुले प्रयोग गर्न पाउने गरी निर्धारण गर्नु पर्दछ ।

(७) कृषि उपकरणको मूल्य निर्धारण गर्दा सम्बन्धित सहकारी संस्था, व्यवस्थापन समिति समेतको बैठकको निर्णय बमोजिम हुनेछ ।

(८) कृषि उपकरण सञ्चालन गर्दा चालक खर्च, इन्धन खर्च तथा मर्मत सम्भारको जिम्मा कृषि उपकरण जिम्मा लिने कृषि सहकारी वा कृषि समूहले लिनु पर्नेछ ।

(९) कृषि उपकरण प्रयोगको नियमित अनुगमन व्यवस्थापन समिति, वडा समिति र शाखाबाट हुनेछ ।

(१०) नगरपालिकाबाट हस्तान्तरण गरिएको कृषि उपकरण कृषि सहकारी वा कृषि समूहले सामान्यत: कम्तिमा ५ वर्ष नियमित सञ्चालन गर्नु पर्नेछ । उक्त अवधिमा हुने सम्पूर्ण मर्मत खर्च, नाफा तथा घाटा सहकारी वा समूह कै हुनेछ ।

(११) सहकारी वा समूहले कृषि प्रयोजन बाहेक अन्य ढुवानीका लागि कृषि उपकरण प्रयोग गर्न पाउने छैन ।

## परिच्छेद ४
## विविध

६. सहकारी संस्था वा कृषि समूहले प्रत्येक चौमासिक रुपमा उक्त कृषि उपकरण प्रयोग गर्दा भएको आम्दानी खर्च सार्वजनिक गरी नगरपालिकाको कृषि, पशु तथा सहकारी विकास शाखामा पेश गर्नु पर्नेछ ।

७. सहकारी संस्था वा कृषि समूहले सम्झौताका नियमहरु उलङ्घन गरेमा जुनसुकै बेला नगरपालिकाले कृषि उपकरण आफ्नो नियन्त्रणमा लिन सक्नेछ । सो समयमा सहकारी वा समूह मार्फत भएका सम्पूर्ण खर्चहरुको जिम्मेवारी सहकारी वा समूह स्वयंको हुनेछ । कृषि उपकरण नियन्त्रणमा लिनु अघि सहकारी संस्था वा समूहलाई न्यूनत्तम ३ (तीन) दिने म्याद दिई सफाईको मौका दिइने छ ।

८. अन्य विषयको हकमा भने प्रचलित कानुन र कृषि उपकरण हस्तान्तरण गर्दा भएको सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ ।

९. यो कार्यविधि सञ्चालन गर्दा कुनै बाधा व्यवधान सृजना भएमा व्यवस्थापन समितिको सिफारिसमा कार्यपालिका बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत